# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ ] काठमाडौं, वैशाख ११ गते २०३२ साल [ अतिरिक्ताङ्क ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३२ सालको ऐन नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राजकाज (अपराध र सजाय) ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– राजकाज ( अपराध र सजाय ) ऐन, २०१६ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– ( १ ) यो ऐनको नाम "राजकाज (अपराध र सजाय) (तेस्रो संशोधन) ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ४ मा संशोधनः– (१) मूल ऐनको दफा ४ को उप–दफा (१) पछि देहायबमोजिम उप–दफा (१क.) थप गरिएको छः–

(१क.) कसैले नेपाल अधिराज्यको स्वतन्त्रता, अविभाज्यता र सार्वभौमसत्तामा आघात पर्न सक्ने गरी कुनै विदेशी राज्यसंग कुनै प्रकारको साँठगाँठ, काम कारवाई, कुचेष्टा, संगठन, उद्योग वा षडयन्त्र गरेमा मृत्यु दण्ड वा जन्म कैद वा दश वर्षसम्म कैद हुनेछ ।

(२) मूल ऐनको दफा ४ को उप–दफा (३) मा रहेको "उप–दफा (१) वा (२) अन्तर्गतको" भन्ने वाक्यांशको सट्टा 'उप–दफा (१) वा (१क) वा (२) अन्तर्गतको" भन्ने वाक्यांश राखिएको छ ।

३. मूल ऐनको दफा ४ को उप–दफा (३) पछि देहायको उप–दफा (४) थपिएको छः–

(४) उप–दफा (१क.) अन्तर्गतको मुद्दा मामिलाको शुरू कारवाई र किनारा गर्ने अधिकार सम्बन्धित अञ्चल अदालतलाई हुनेछ । सो अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

लालमोहर सदर मितिः– २०३२।१।११।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।